# वर्षात्का कारण इट्टामा क्षति

दाङ । पटक-पटकको बर्सातले गर्दा दाङमा करोडौंको ईंटामा क्षति भएको छ । दाङ देउखुरी इट्टा व्यवसायी सङ्घ दाङका अध्यक्ष प्रेमनाथ योगीका अनुसार यसअघि असोजमा भएको बेमौसमी बर्सात् र त्यसयता विभिन्न समयमा भएका बर्सातले गर्दा तीन करोड बराबरको इट्टामा क्षति भएको हो ।

'समय-समयमा वर्षा भइरहेको छ, यो वर्षाले हाम्रो इट्टामा निकै क्षति पुऱ्यायो,' उनले भने-'अहिलेसम्म करिब तीन करोड क्षति भइसकेको छ ।' पकाउनका लागि तयारी अवस्थामा राखिएका इट्टा पानीले भिजाउँदा नष्ट हुने गरेको उनको भनाइ छ ।

यसले गर्दा पनि यो वर्ष जिल्लामा इट्टाको अभाव हुन सक्ने उनको भनाइ छ । जिल्लामा हाल ३५ वटा इट्टा उद्योग छन् । यस वर्ष घाटा हुने देखिएपछि ईंटा उद्योग बन्द हुने अवस्था आएको समेत उनको भनाइ छ । यसअघि मात्रै जिल्लामा इट्टामा पानीले क्षति गरेपछि मूल्य वृद्धिसमेत गरिएको थियो । १ नं. इट्टाको प्रतिइट्टा रु १६, २ नं. इट्टाको रु १२ र ३ नं. इट्टाको रु १० तोकिएको थियो । प्रत्येक इट्टामा रु एक रुपैयाँ वृद्धि गरिएको छ । राज्यले बीमाको व्यवस्था नगर्दा पनि समस्या उत्पन्न भएको अध्यक्ष योगीले बताए । रासस

# विवाद मिलेसँगै कृषि सडकको काम अघि बढ्यो


रुकुमपूर्व । रुकुम (पूर्व) को पुथाउत्तरगङ्गा गाउँपालिकामा कृषि सडक खन्ने क्रममा भएको विवाद लामो समयपछि मिलेको छ । लुम्बिनी प्रदेश सरकारबाट बजेट आए पनि दुई गाउँको बीचमा विवाद हुँदा सडकको काम अघि बढ्न सकेको थिएन् ।

गाउँपालिकामा बसेको सर्वपक्षीय बैठकले दुई सडकमा देखिएको विवाद मिलाएको छ । पुथा उत्तरगङ्गा गाउँपालिकामा गर-गरघाट-रन्मा कृषि सडक र गरगाउँ-सतीपोले -मैकोट कृषि सडकको काम विवाद मिलेसँगै अघि बढ्ने भएको प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद बाँस्कोटाले बताए । दुवै सडकका लागि प्रदेश सरकारले रु १५/१५ लाख बजेट विनियोजन गरेको थियो । प्रजिअ बाँस्कोटाकाअनुसार रन्मा र मैकोट सडकका विषयमा विवाद भएको थियो ।

सहिदमार्गको पनि डीपीआर भइसकेको छ । गरवासीले गर हुँदैमैकोटसम्म सहिदमार्गको डीपीआर भइसकेकाले फेरि अर्को सडकको आवश्यकता नभएको भन्दै अवरोध गर्दै आएका थिए । रन्मावासीले पनि जसरी भए पनि गर हुँदै कृषि सडकलाई रन्मा पुऱ्याउने अडान राख्दै आएका थिए । गएको कात्तिक/मङ्सिरमै डीपीआरको काम सुरु हुनुपर्ने सडकको काम यही विवादको कारण अहिलेसम्म अघि बढ्न नसकेको प्रजिअ बाँस्कोटाले बताए ।

विवाद समाधान गर्न तकसेरामा गाउँपालिकाका अध्यक्ष ओमप्रकाश घर्ती, जिल्ला समन्वय समितिका प्रमुख गजेन्द्रबहादुर ओली, प्रमुख जिल्ला अधिकारी बाँस्कोटा, प्रहरी नायव उपरीक्षक गणेशबहादुर श्रेष्ठ, सम्बन्धित वडाका वडाध्यक्ष तथा राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिको उपस्थितिमा सर्वपक्षीय बैठक सम्पन्न भएको हो । विवाद मिलेसँगै अब सहिदमार्गसँगै दुईवटै कृषि सडक गरबाटै खनिने भएको छ । मैकोट जाने सडक गरबाट खन्न सुरु गरिने छ, भने रन्मा जाने सडक रन्माबाट खन्न सुरु गरेर गरमा जोड्न ल्याउने सहमति भएको छ । रासस

# पेट्रोलमा प्रतिलिटर ५८ रुपैयाँ कर



काठमाडौं । नेपालमा पेट्रोलियम पदार्थको मूल्य अहिलेसम्मकै उच्च विन्दुमा पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेको भन्दै नेपाल आयल निगमले मङ्गलबार रातिदेखि लागू हुने गरी डिजेल, मट्टितेल र पेट्रोलमा प्रतिलिटर ३/३ रुपैयाँ वृद्धि गरेको छ ।

मूल्यवृद्धिसँगै डिजेल मट्टितेलको मूल्य प्रतिलिटर रु १२५ र पेट्रोलको मूल्य प्रतिलिटर रु १४२ पुगेको छ । यसअघि २०७० साल फागुनमा नेपालमा डिजेल मट्टितेलको मूल्य प्रतिलिटर रु १०९ र पेट्रोलको मूल्य प्रतिलिटर १३९ पुगेको थियो । इन्डियन आयल कर्पोरेशन (आइओसी) सँग सस्तोमा पेट्रोलियम पदार्थ किनेर निगमले उपभोक्तासँग चर्को मूल्य लिएको भन्दै आलोचाना हुने गरे पनि इन्धनको मूल्य उच्च हुनुमा करको हिस्सा बलियो रहेको छ ।

पेट्रोलियम पदार्थमा सरकारले उच्च कर लिने गरेको छ । आइओसीबाट यही फेब्रुअरी १ तारिखका दिन प्राप्त नयाँ मूल्यसूची अनुसार निगमलाई पेट्रोलको खरिद मूल्य प्रतिलिटर ८४ रुपैयाँ ३२ पैसा, डिजेल प्रतिलिटर ८५ रुपैयाँ ४२ पैसा, मट्टितेल प्रतिलिटर ७९ रुपैयाँ १० पैसा, हवाई इन्धन (आन्तरिक र बाह्य) प्रतिलिटर ८० रुपैयाँ ९४ पैसा र खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर एक हजार ५२२ रुपैयाँ ४९ पैसा पर्छ । खरिद मूल्यमा सरकारी राजस्व र मूल्य अभिवृद्धि कर (भ्याट), प्रशासनिक र बिक्री खर्च (बीमासहित), प्राविधिक नोक्सानी, ढुवानी, बिक्रेता कसिमन जोडेर बिक्री मूल्य तय हुने गरेको निगमले जनाएको छ । सरकारले पेट्रोलमा प्रतिलिटर ५८ रुपैयाँ ४८ पैसा, डिजेलमा प्रतिलिटर ४१ रुपैयाँ १६ पैसा, मट्टितेलमा प्रतिलिटर १९ रुपैयाँ ३२ पैसा, हवाई इन्धन (आन्तरिक)मा प्रतिलिटर २० रुपैयाँ ४४ पैसा र बाह्यमा १२ रुपैयाँ ६३ पैसा तथा एलपी ग्यासमा प्रतिसिलिण्डर २७३ रुपैयाँ ९४ पैसा कर लिने गरेको छ ।

निगमले प्रशासनिक एवं बिक्री खर्च र प्राविधिक नोक्सानीबापत पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ ७७ पैसा, डिजेलमा १ रुपैयाँ ३४ पैसा, मट्टितेलमा प्रतिलिटर १ रुपैयाँ २८ पैसा, हवाई इन्धनमा एक रुपैयाँ २३ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर १० रुपैयाँ ६३ पैसा लिने गरेको छ ।

पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ ११ पैसा, डिजेलमा प्रतिलिटर ३ रुपैयाँ ८५ पैसा, मट्टितेलमा प्रतिलिटर २ रुपैयाँ ८४ पैसा र हवाई इन्धनमा प्रतिलिटर २ रुपैयाँ ८९ पैसा ढुवानी भाडा लाग्ने निगमले जनाएको छ । बिक्रेताले पेट्रोल बिक्री बारेबापत प्रतिलिटर ५ रुपैयाँ ५५ पैसा, डिजेलको प्रतिलिटर ४ रुपैयाँ ३७ पैसा र मट्टितेलको प्रतिलिटर ४ रुपैयाँ ३४ पैसा र ग्यास कम्पनीले प्रतिसिलिण्डर ३२८ रुपैयाँ २ पैसा मुनाफा पाउँछन् । हवाई इन्धन निगम आफैँले बिक्री गर्ने भएर त्यसमा छुट्टै नाफा राखिएको छैन ।

खरिद मूल्य, कर, प्रशासनिक तथा बिक्री खर्च, प्राविधिक नोक्सानी, ढुवानी र बिक्रेता कमिसन सबै जोड्दा बिक्री मूल्यभन्दा बढी हुन आउने र सोही रकम घाटाका रुपमा थपिँदै गएको निगमको भनाइ छ । लागत मूल्यभन्दा बिक्री मूल्य कम हुँदा पेट्रोलियम पदार्थको बिक्रीबाट लगातार नोक्सानी बढ्दै गएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताए ।

निगमले उपलब्ध गराएको विवरण अनुसार खरिद मूल्यदेखि सबै खर्च जोडेर पेट्रोलको लागत मूल्य प्रतिलिटर १५५ रुपैयाँ २३ पैसा, डिजेलको प्रतिलिटर १३६ रुपैयाँ १३ पैसा, मट्टितेल प्रतिलिटर १०६ रुपैयाँ ८८ पैसा, हवाई इन्धन (आन्तरिक) प्रतिलिटर १०५ रुपैयाँ ५० पैसा र बाह्य ९७ रुपैयाँ ६८ पैसा तथा एलपी ग्यासको लागतमूल्य प्रतिसिलिण्डर दुई हजार १३५ रुपैयाँ ८ पैसा पर्न जान्छ । मूल्य बढेपछि पनि अहिले निमगलाई पेट्रोलमा प्रतिलिटर १३ रुपैयाँ २३ पैसा, डिजेलमा ११ रुपैयाँ १३ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ५६० रुपैयाँ ९ पैसा घाटा छ भने मट्टिलमा प्रतिलिटर १८ रुपैयाँ १२ पैसा, हवाई इन्धन (आन्तरिक)मा प्रतिलिट १० रुपैयाँ ५० पैसा र बाह्यमा प्रतिलिटर ३२ रुपैयाँ ७२ पैसा नाफा छ ।

आगामी १५ दिनमा पेट्रोलियम पदार्थको बिक्रीबाट रु दुई अर्ब २३ करोड ५३ लाख घाटा हुने निगमको प्रक्षेपण छ । १५ दिनमा पेट्रोलको बिक्रीबाट रु ४२ करोड ९६ लाख, डिजेलको बिक्रीबाट रु एक अर्ब एक करोड चार लाख र एलपी ग्यासको बिक्रीबाट रु ९९ करोड ५६ लाख घाटा हुने निगमको आँकलन छ ।

जनजीवनसँग जोडिएको पेट्रोलियम पदार्थमा चर्को कर लगाइएको भन्दै आलोचनासमेत हुने गरेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भए पनि कोरोना महामारीका कारण नागरिक आर्थिक चपेटामा परेका बेला राज्यले पेट्रोलियम पदार्थमा लिँदै आएको कर घटाउनुपर्ने अधिकारकर्मीको भनाइ छ । उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना पेट्रोलियम पदार्थको मूल्य बढेर जनता समस्यामा परेकाले त्यसमा लाग्दै आएको कर घटाएर नागरिकलाई राहत दिइनुपर्ने बताउँछन् । रासस

# क्यान्सर रोग पुरुषमाभन्दा महिलामा बढी

चितवन । पुरुषमाभन्दा महिलामा क्यान्सर रोग बढी देखिएको छ । यहाँको बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचार गर्न आउने बिरामीको तथ्याङ्कले पुरुषभन्दा महिलाको संख्या बढी देखाएको हो । अस्पतालको तथ्याङ्कअनुसार कूल नयाँ क्यान्सरका बिरामीमध्ये ५५ प्रतिशत महिला र पुरुष ४५ प्रतिशत छन् ।

गत आर्थिक वर्षमा अस्पतालमा ९० हजार ५७१ ले सेवा लिएकामा चार हजार ६०८ नयाँ क्यान्सरका बिरामी थिए । अस्पतालका कार्यकारी निर्देशक डा.देजकुमार गौतमका अनुसार नयाँ क्यान्सका बिरामीमध्ये दुई हजार ५१७ महिला र दुई हजार ९१ पुरुष रहेका छन् । पच्चिस हजार हाराहारी पुराना क्यान्सरका बिरामी रहेको उनको भनाई थियो ।

अघिल्ला वर्षको तुलनामा कोभिडका कारण गत वर्ष बिरामीको संख्या कम देखिएको र त्यस अवधिमा महिलाको संख्या बढ्दै गएको कार्यकारी निर्देशक गौतमले बताए । अस्पतालमा आएका बिरामीमध्ये सबैभन्दा बढी १२ प्रतिशत फोक्सोको क्यान्सरका थिए । दोस्रो धेरै पाठेघरको मुखको क्यान्सर १० दशमलव १७ प्रतिशत, स्तनको क्यान्सर १० दशमलव ११ प्रतिशत, मुखभित्रको क्यान्सर नौ दशमलव पाँच प्रतिशत रहेका थिए । यस्तै महिलाको पाठेघर, पित्तथैली, आमाशय, थाईराइड र कलेजोमा ल्युकेमिया, कोलनजस्ता क्यान्सर हुने गर्दछ । पुरुषको आमाशय, पिसाबथैली, ल्यारेक्स, कलेजो, ल्युकेमिया र जिब्रोमा रेक्टम, कोलनजस्ता क्यान्सर बढी हुने गरेका छन् । क्यान्सर हुनाको यकिन कारण भन्न नसकिए पनि स्तन र पाठेघरको मुखको क्यान्सर बढी भएका कारण महिलाको संख्या बढ्दै गएको हुनसक्ने अनुमान उनको थियो । पुरुष प्राय उपचारका लागि विदेश जाने तर धेरैजसो महिलाको यही उपचार हुने भएकाले पनि महिलाको तथ्याङ्क बढेको हुनसक्ने पनि अनुमान गरिएको छ । निर्देशक गौतमको भनाइमा नेपालमा २५ हजार हाराहारी नयाँ बिरामी थपिन्छन् । तीमध्ये आधाभन्दा बढी उपचारका लागि विदेश जाने गर्दछन् ।

अस्पतालका महिला क्यान्सर रोग विशेषज्ञ डा. विजय आचार्यले महिलाको स्तन र पाठेघरको मुखको क्यान्सर धेरैजसोलाई हुने भएकाले महिलाको संख्या बढ्नामा एउटा कारण हुनसक्ने बताए । पुरुष विदेश गएर उपचार गराउने र प्रायः महिलाको नेपालमै उपचार हुने भएर संख्या बढेको हुनसक्ने उनको पनि आँकलन थियो । यहाँको क्यान्सर अस्पतालमा गत वर्ष थोरै संख्यामा उपचार भएकाले यही तथ्याङ्को आधार नै सही हो भन्न सक्ने अवस्था नरहने उनको भनाइ थियो । पहिले पहिले दुई तीन प्रतिशत पुरुष बढी क्यान्सर रोगी हुने गरेको अस्पतालका पूर्वकार्यकारी निर्देशकसमेत रहेका आचार्यको भनाइ थियो ।

सोही अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ डा. अनिलविक्रम कार्कीले महिलामा जनचेतना बढेका कारण परीक्षण गराउन आउने संख्या बढेको हुनसक्ने बताए ।

**गाउँ–गाउँमा...**

स्वास्थ्य सेवालाई सहज सजिलो बनाउन साविकका वडा-वडामा स्वास्थ्य इकाईहरु सञ्चालन गर्नुपर्ने एमाले गाउँपालिका अध्यक्ष पाठकले जोड दिए । एक वर्ष अगाडि नै सञ्चालनमा आएको खानीगाउँ स्वास्थ्य चौकीमा तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्थापन भएपछि बर्थिङ सेन्टर सुरु गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले जानकारी दिए । अधिकारीका अनुसार बर्थिङ सेन्टरमा तालिम प्राप्त स्वास्थ्यकर्मीको २४ घण्टे सेवाको साथै गुणस्तरीय प्रविधि प्रयोग गरिएको छ ।

गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदीले घरछेउको प्रसुती केन्द्र छाडेर सदरमुकाम जान नपर्ने भन्दै, दक्ष स्वास्थ्यकर्मी र प्रविधिको प्रयोग गर्न जनतालाई आग्रह गरिन ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर घर्तीले वडा-वडामा बर्थिङ सेन्टर सञ्चालन गर्ने, टोल-टोलमा स्वास्थ्य इकाई, घर-घरमा स्वयंसेवीका परिचालन गरेर सबै किसिमको स्वास्थ्य सूचकहरुलाई बलियो बनाउने गरी कार्यक्रम ल्याएको बताए ।

गाउँपालिकाले स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई १ हजार ५ सय पोषण खर्च र २ हजार ८ सय रुपैयाँ यातायात खर्च उपलब्ध गराउँदै आएको प्रमुख प्रशासकीय अधिकृत घर्तीले जानकारी दिए ।

गाउँपालिमा गत आर्थिक वर्षमा ३ सय १७ जना सुत्केरी भएको र सबै सुत्केरी स्वास्थ्य संस्थाभित्र मात्र भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मणिप्रसाद अधिकारीले बताए । गर्भवती महिला र पेटभित्रको बच्चालाई सुरक्षित राख्न गर्भवती महिलाको परिवारलाई समेत राखेर नियमित रुपमा परामर्श गर्दै आएको, घर-घरमा समेत स्वयंसेवीका परिचालन गरिएको स्वास्थ्य शाखा प्रमुख अधिकारीले बताए ।

गाउँपालिकाले २०७६ साल मंसिर ४ गते गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका घोषणा गरिसकेको छ । त्यसयता हालसम्म कुनै सुत्केरी महिला र नवजात शिशुको मृत्यु नभएको गाउँपालिकाले जनाएको छ ।

**नेपाली कलाशैलीका...**

विभिन्न खालका बुट्टा राखेका काठका ढोकालाई ७० हजारदेखि ८ लाख रुपैयाँसम्म पर्छ । हराउन लागेको नेपाली कला शैलीलाई उजागार गर्न पाउँदा उनी पनि खुशी छन् । 'अहिले नेपाली कलाशैलीप्रति धेरैको चासो बढेको छ ।'-उनले भने ।काठमाडौंमा मल्लकालमा वास्तु र काष्ठकलाको प्रचुर विकास भयो । मल्लकालको यही कलाशैलीलाई नेपाली शैलीको रुपमा बुझिन्छ ।

नेपाली कला शैलीका मठमन्दिर अरुभन्दा आकर्षक हुन्छन् । अर्घाखाँचीको सुपादेउराली मन्दिर यही शैलीमा बनेको छ । नेपाली कलाशैलीमा मन्दिर बनेपछि सुपादेउराली लुम्बिनी प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्य बनेको छ । यहाँ मुलुकभित्रका मात्रै नभई भारतबाट पनि पर्यटकको घुइँचो लाग्न थालेको छ ।


## राहदानी हराएको सूचना

मेरो निम्न विवरण भएको राहदानी मिति २०७८/७/२५ गते भैरहवा देखि धकधई जादै गर्दा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा मोबाइल नम्बर मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तापसिल**
**नाम** : हिरालाल केवट
**ठेगाना** : ओमसतिया-६, रुपन्देही
**राहदानी नं.** : ०६८६७३८४
**सम्पर्क नं.** : ९८११९०३०४५



## सुस्ता गाउँ पालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कुडिया नवलपरासी (बसुप)
### लुम्बिनी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा

**सूचना प्रकाशन मितिः २०७८।१०।२२**

उपरोक्त विषयमा यस गाउँपालिकाको कार्यालयबाट मिति २०७८ साल पुष महिना १३ गते राष्ट्रिय दैनिक पत्रिका दैनिक पत्रमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना ( Single Stage Two Envelope) अनुसार PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताव मुल्याङकनमा निम्न अनुसारका बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७८।११।०१ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम(५)तथा(६)को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु |
|---|---|---|---|
| १ | SRM/ROAD/ NCB/05-078-79 | Ga. Pa. Adakshya Namuna Sadak (Susta-02 Mahal baridekhi Narsahi Hundai Paklihawa Samma) | 1. M/s Asiatic-Pratibha J/V, Rupandehi<br>2. M/s Pradip Construction, Butwal<br>3. M/s Bhimeshwor-Mahesh-Navin J/V, Bardaghat<br>4. M/s Babul NirmanSewa, Bhairahawa<br>5. M/s Kasthamandap-Tirupati J/V, Sunwal |

**नि.प्रमुख प्रशासकीय अधिकृत**



## माउण्ट एभरेष्ट डिष्टिलरी (प्रा.) लि., तिलोत्तमा -१४, टिकुलीगढ, रूपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु माघ २२ गते २०७८ सालदेखि नेपालभर (काठमाडौं,/भक्तपुर/ ललितपुर तथा झापा/इलाम जिल्ला बाहेक) मात्र लागू हुने गरी नयाँ मूल्य सूची प्रकाशित गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | Dealer | Dealer Comm. | Sub Dealer | S. D. Comm. | W.S. | W.S. Comm. | Retail | Retail Comm. | Consumer Case | Consumer Unit |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 6 To 9 / Healing Time | 40 | 750 | 9000 | 290 | 9290 | 160 | 9450 | 450 | 9900 | 900 | 10800 | 900 |
| | | 375 | 9000 | 290 | 9290 | 160 | 9450 | 450 | 9900 | 900 | 10800 | 450 |
| | | 180 | 9000 | 290 | 9290 | 160 | 9450 | 450 | 9900 | 900 | 10800 | 225 |
| Wildfire | 40 | 750 | 7850 | 260 | 8110 | 140 | 8250 | 400 | 8650 | 950 | 9600 | 800 |
| | | 375 | 7850 | 260 | 8110 | 140 | 8250 | 400 | 8650 | 950 | 9600 | 400 |
| | | 180 | 7850 | 260 | 8110 | 140 | 8250 | 400 | 8650 | 950 | 9600 | 200 |
| Mount Class | 50 | 180 | 5650 | 200 | 5850 | 100 | 5950 | 200 | 6150 | 810 | 6960 | 145 |
| Gold Box | 50 | 180 | 5650 | 200 | 5850 | 100 | 5950 | 200 | 6150 | 810 | 6960 | 145 |
| Blue Spot / Sweet Diamond | 50 | 180 | 5650 | 200 | 5850 | 100 | 5950 | 200 | 6150 | 810 | 6960 | 145 |
| Fida | 50 | 180 | 5550 | 200 | 5750 | 100 | 5850 | 200 | 6050 | 670 | 6720 | 140 |
| Boxer / White Diamond | 50 | 180 | 5500 | 200 | 5700 | 100 | 5800 | 200 | 6000 | 720 | 6720 | 140 |
| DX / Tali | 50 | 180 | 5450 | 150 | 5600 | 100 | 5700 | 200 | 5900 | 388 | 6288 | 131 |
| Rudra / Mala | 70 | 300 | 1080 | 55 | 1135 | 15 | 1150 | 40 | 1190 | 250 | 1440 | 48 |
| T 20 Plus/ 20-20 Plus | 70 | 300 | 1020 | 50 | 1070 | 12 | 1082 | 40 | 1122 | 228 | 1350 | 45 |
| Hazari Gold / Hazari | 70 | 300 | 950 | 40 | 990 | 10 | 1000 | 40 | 1040 | 160 | 1200 | 40 |
| Umaga | 70 | 300 | 930 | 30 | 960 | 10 | 970 | 30 | 1000 | 170 | 1170 | 39 |
| Li Li | 70 | 300 | 925 | 30 | 955 | 10 | 965 | 30 | 995 | 175 | 1170 | 39 |
| 20-20 Flavours (Apple/Orange/Litchi/Lemon/XXX) | 70 | 300 | 880 | 30 | 910 | 10 | 920 | 30 | 950 | 160 | 1110 | 37 |
| Julie / Mr. Red | 70 | 300 | 850 | 20 | 870 | 10 | 880 | 30 | 910 | 140 | 1050 | 35 |

१. उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मू. अ. कर समावेश गरिएको छ ।
२. उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ । साथै सो विक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**



## ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी ट्यांकी रिङ्ग भरिएमा सिट नाली, जाम भएर समस्या परेको छ । हामी तपाईको समस्या **५ मिनेट** मै हल गरिदिनेछौं । **हाम्रा विशेषताहरूः** सबैभन्दा बढी क्षमता पावरफूल रोटर भ्याकुम पम्प, बिजुली आवश्यक नपर्ने, अत्याधुनिक प्रविधि, पश्चिमाञ्चल भरी वा जुनसुकै स्थानमा पनि सेवा दिन सकिने ।

**गगन सेनेटरी**
बुटवल-१० सुख्खानगर, रूपन्देही
फोन नं ,९८१५४४७६४८,९८०४४१३२८७, ९८६७०२१६१४



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको शहर भैरहवा, धकधई,मर्चवार, बुटवल तथा लुम्बिनीसम्म ट्वाइलेट सफा गर्नु परेमा आधुनिक जापानिज मेसिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिन्छ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिन्छ ।

**जानकी सफा सेनेटरी** सम्पर्कः
सिनपा, भैरहवा, रुपन्देही
**मोः ९८६००८६७११,९८१५४३४५५४**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297